

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १४ गते सोमबार ❑ 27 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सहकारीका पिडीतलाई न्याय दिन कास्कीका राजनीतिक दलहरुको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

कास्कीका ६ वटा राजनीतिक दलहरुले सहकारी पिडितहरुलाई राज्यले छिटो भन्दा छिटो न्याय दिन चेतवानी दिएका छन् ।

कास्की सहकारी वचत पीडित संघर्ष समितिले आइतबार पोखरामा आयोजना गरेको बिरोध सभामा बोल्दै कास्कीका ६ राजनीतिक दलका नेता तथा कार्याकर्ताले सहकारी पिडितहरुलाई छिटो न्याय दिन आग्रह गर्दै अन्यथा पिडितहरुले संचालन गर्ने आन्दोलनमा आफुहरुले निरन्तर साथ र सहयोग गर्ने बताएका छन् ।

कास्कीका सहकारी पिडितहरु संगठित हुदै आइबतार पोखराको सृजनाचोकमा भेला भई नारा जुलुस सहित पोखरासभा गृह हुदै पृथ्बीचोकमा पुगेर कोर्ण सभा सहभागि भएका थिए । उक्त कार्यक्रममा भने ६ राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले समेत सहकारी पिडितको



आन्दोलनमा एकिबद्धता व्यक्त गर्दै सहकारी पिडितहरुलाई न्याय दिन माग गरेका थिए ।

कास्कीमा रहेका ७ सहकारी मध्य हाल ४ वटा प्रदेश स्तरिय र ३ पोखरा महानगरस्तरिय सहकारीमा समस्या रहेको अन्य केही सहकारी समस्यामा रहेकोले सहकारीको रकम हिनामिना गर्नेहरुलाई पक्राउसंगै उनीहरुबाट बचतकर्ताको पैसा फिर्ता गर्न समितिले माग गरेको छ। कास्कीका सहकारी पीडितहरुले बचत अपचलनमा संलग्न गृहमन्त्री देखि प्रधानमन्त्रीसम्म जो कोही भए पनि संसदीय छानबिन समिति बनाएर कारबाही गर्नुपर्ने कार्यक्रममा सहभागिहरुले माग गरे । कास्कीका ७ सहकारीका करिब ७ अर्ब हिनामिना गर्ने उपर कार्वाही गर्न माग गर्दै पिडितहरु फेरी सडकमा उर्त्रिएका हुन् । कास्कीका सहकारी पिडितहरु लामो समय देखि आन्दोलित हुदै आएको सन्दर्भमा राज्यले आफुहरुको मागको बिषयमा कुनै सुनुवाई नगरेकोले पुनःसडकमा उर्त्रिन बाध्य भएको कास्की सहकारी वचत पीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले बताए । सूर्यदर्शन, इमेज, मित्रमिलन, बलिदानी, शिवशिखर, विन्ध्यवासिनी बचत तथा ऋण सहकारी संस्था र प्राइम सहकारी संस्थाबाट कास्कीमा करिब ४० हजार बचतकर्ता प्रभावित भएको संयोजक श्रेष्ठले दाबी गरे । नेपाल समाजवादी पाटी, नेपाल कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा (मसाल), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, क्रान्तिकारी कम्युनिस्ट पार्टीले विरोध ऱ्यालीमा सहभागि हुदै सहकारी ठगीमा संलग्नहरुको तत्काल पक्राउ गरी बचत कर्ताहरुको पैसा फिर्ता गर्न जोडदार माग समेत गरेको समितिका सचिव प्रकाश पौडेलले बताए । उक्त आन्दोलनमा सहभागिहरुले सहकारी ठगलाई कार्वाही गर, सबै सहकारी पिडित एक हौं, फरार प्रतिवादी तुरुन्त पक्राउ गर, सहकारीको सम्पक्ति सुरक्षित गर, अभियुक्तहरुलाई राजनीतिक संरक्षण बन्द गर, बचत कर्ताको छाँतीमा लाग्यौं टिबी ! हाम्रो समस्या समाधान गर्न छिटो आउ जिबी, जिबी नआए सबै जिम्मा लिउ रवि लगायतका प्लेकार्ड सहित सहचागि भएका थिए ।

## प्रतिनिधिसभामा आव २०८०/८१ को आर्थिक सर्वेक्षण पेस

**रासस**
काठमाडौं, १३ जेठ

प्रतिनिधिसभाको बैठकमा अर्थमन्त्री वर्षमान पुनले आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण पेस गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोध र नाराबाजीबीच सभामुख देवराज घिमिरले अनुमति दिनुभएपछि उहाँले सो सर्वेक्षण पेस गर्नुभएको हो ।

अर्थमन्त्री पुनले भन्नुभयो, "गत आर्थिक वर्षको पूरा अवधि र चालुको आवको आठ महिनासम्मको सङ्घ, प्रदेश र स्थानीय तहको समग्र आर्थिक, सामाजिक, क्षेत्रगत विकास तथा सुशासनको चित्रण तथा विश्लेषण गरिएको छ ।" मुलुकको आर्थिक, सामाजिक परिसूचकमा सुधार हुँदै गएको उल्लेख गर्दै उहाँले उत्पादनमूलक, उद्योग र निर्माण क्षेत्रको उत्पादनमा आएको सङ्कुचनको बाबजुद कृषि र सेवा क्षेत्रमा भएको विस्तारले मुलुकको अर्थतन्त्र ३.९ प्रतिशतले विस्तार हुने अनुमान गरिएको जानकारी दिनुभयो । अर्थमन्त्री पुनले प्रदेशगत रुपमा गण्डकी, बागमती र लुम्बिनीको आर्थिक वृद्धिदर राष्ट्रिय औषतभन्दा माथि रहने अनुमान गरिएको बताउँदै चालु आवमा कूल लगानी २.८ प्रतिशतले बढेर रु १७ खर्ब ४१ अर्ब ४८ करोड पुग्ने अनुमान गरिएको जानकारी दिनुभयो ।

"प्रतिव्यक्ति आय एक हजार चार सय ५६ अमेरिकी डलर पुग्ने अनुमान छ । चालु आवको फागुनसम्म औषत उपभोक्ता मुद्रास्फिति ६.०८ प्रतिशत रहेको छ । राजस्व परिचानलमा क्रमशः सुधार हुँदै गएको छ", उहाँले भन्नुभयो । अर्थमन्त्री पुनले चालु आवको फागुनसम्म सङ्घीय सरकारको राजस्व सङ्कलन ९.७ प्रतिशतले बढेर रु छ खर्ब ३९ अर्ब पाँच करोड पुगेको जानकारी दिँदै यस अवधिमा सङ्घीय खर्च २.९ प्रतिशतले वृद्धि भई रु आठ खर्ब एक अर्ब ५८ करोड पुगेको उल्लेख गर्नुभयो । "विसं २०८० फागुनसम्म कूल सार्वजनिक ऋण रु २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ । कूल ऋणमध्ये आन्तरिक ऋण ४९.६ प्रतिशत र बाह्य ऋण ५०.४ प्रतिशत रहेको छ", अर्थमन्त्री पुनले भन्नुभयो, "आव २०७९/८० मा प्रदेश र स्थानीय तहले सङ्घबाट भएको वित्तीय हस्तान्तरणमार्फत रु तीन खर्ब ९७ अर्ब २६ करोड र राजस्व बाँडफाँडमार्फत रु एक खर्ब २० अर्ब २६ करोड गरी रु पाँच खर्ब १७ अर्ब ६२ करोड प्राप्त गरेका छन् ।" वित्तीय क्षेत्र


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मुख्यमन्त्री अधिकारी र राजदूत लोरेन्जोबीच शिष्टाचार भेट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

यसैबीच गण्डकी प्रदेशका मुख्यमन्त्री अधिकारीसँग नेपालका लागि युरोपियन युनियन (ईयू) का राजदूत भेरोनिक लोरेन्जोले आज शिष्टाचार भेट गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरामा भएको भेटमा नेपाल र युरोपियन युनियनबीच रहि आएको सम्बन्ध, आपसी हित र चासोका विषयमा महत्वपूर्ण छलफल भएको थियो । भेटमा मुख्यमन्त्री अधिकारीले युरोपिन युनियन नेपालको आर्थिक विकासमा निकै महत्वपूर्ण साझेदार भएको बताउँदै, "गण्डकी प्रदेश प्राकृतिक र सांस्कृतिक रूपमा धनी प्रदेश हो, हाम्रा प्राथमिकतामा पर्यटन, विद्युत्, पशुपालन, कृषि वनमा आधारित र सुगन्धित वनस्पति साथै चिया कफीको प्रवर्द्धन समावेश छन्", भन्नुभयो ।

यी क्षेत्रमा व्यापार र लगानी बढाउन सहकार्य गर्न गण्डकी प्रदेश सरकार इच्छुक रहेको उल्लेख गर्दै उहाँले प्रदेशको मुस्ताङ, मनाङ, म्याग्दी, कास्की, गोरखा र लमजुङका पहाडी क्षेत्रमा बाख्रापालनको प्रचुर सम्भावना रहेको र त्यसबाट गुणस्तरीय पश्मिनाको उत्पादनको लागि उन उपलब्ध गराउन सकिने बताउनुभयो । भेटमा राजदूत लोरेन्जोले जलवायु परिवर्तनले पारेको असर तथा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका बारेमा चासो व्यक्त गर्नुभएको थियो । प्रदूषणका कारण पोखराको सौन्दर्यतामा


बाँकी अन्तिम पृष्ठमा ▶▶



बालविवाह अपराध हो

- विवाह गर्न पुरुष र महिलाको उमेर २० वर्ष पूरा हुनुपर्छ । २० वर्ष उमेर पूरा नभएका महिला र पुरुषको बीचमा विवाह गरे गराएमा बाल विवाह गरे गराएको मानिन्छ ।
- बालविवाहले कानूनी मान्यता पाउँदैन र त्यस्तो विवाह स्वत: बदर भएको मानिन्छ ।
- बालविवाह गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।

(मुलुकी अपराध संहिता, २०७४)

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३


## दुःखमा अधिकार खोज्ने सुखमा उल्लङ्घन गर्ने मानवीय चरित्र होइन : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले दुःखको बेलामा मानव अधिकार खोज्ने सुखको बेलामा त्यसको उल्लङ्घन गर्ने चरित्र मानवीय चरित्र नभएको बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको २४ औं वार्षिकोत्सवको अवसरमा आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले आइतबार गरेको कार्यक्रममा बोल्दै उहाँले मानवअधिकार र मौलिक हकबीचमा अन्योन्याश्रित सम्बन्ध रहेको खुलाउनुभयो ।

'मानवअधिकार र मौलिक हक अन्योन्याश्रित रुपमा अन्तरसम्बन्धीत छन् तीनको कार्यान्वयन गर्ने कुरामा हामी उदासिन हुन पाउदैनौ । तीनलाई कसरी व्यस्थित गर्ने गम्भिरता पूर्वक लागौं' उहाँको जोड थियो ।

अधिकार खोजेर मात्र नहुने भन्दै नागरिकका कर्तव्यको बारेमा संविधानमा भएका व्यवस्थामा समेत सबैले ध्यान दिनुपर्नेमा उहाँको जोड थियो । 'हामीलाई सधैंभरी आलोचना सुझाब र टिप्पणी जरुरी छ । लोकतन्त्रमा त्यो स्वागतयोग्य कुरा हो । तर आलोचना गर्दा नागरिकको कर्तव्यलाई ध्यान दिनुपर्छ' उहाँले भन्नुभयो । नागरिकका अधिकारलाई ध्यान दिँदै संविधान निर्माण गरी विभिन्न कानून बनाएपनि प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको खुलाउनुभयो ।

'हामीले मौलिक हकको व्यवस्था संविधानमा सुन्दर रुपमा गरेका छौं, कानून बनाएका छौ तर कार्यान्वयनमा हामी पछि परेका छौं' उहाँले भन्नुभयो । नेपालमा महिला र उत्पीडित समुदायलाई




पूर्ण रुपमा मुल धारमा ल्याउन नसकिएकोमा उहाँको चिन्ता थियो । 'यी समुदायलाई हामीले मुलधारमा ल्याउन सकेनौ भने अझैपनि धेरैं थिचोमिचो अन्यायका घटनाहरु बेहोर्छौ' उहाँले भन्नुभयो । मानव अधिकारको विषय पदमा हुनु वा नहुनु सरकारमा हुनु वा नहुनुको आधारमा व्याख्या गरिने विषय नभएको भन्दै मुख्यमन्त्री अधिकारीले यो विषय विश्वव्यापी भएको बताउनुभयो ।

'कहिलेकाहीँ समाजमा स्वच्छता स्वच्छन्दता अराजकतामा पतन हुँदा सबै सिस्टम माथि धावा बोल्ने काम हुन्छ । कर्तव्य परायण माथि पनि धावा बोल्ने काम हुन्छ । यी कुरामा सबै गम्भिर हुने बेला आयो' उहाँको आग्रह थियो । आफूहरु मानवअधिकार आयोगप्रति सचेत रहेको भन्दै आयोग अन्तराष्ट्रिय मुल्याकंनमा ए लेभलमा हुनु सुखद कुरा भएको सुनाउनुभयो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकीको प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतले ऐन कार्यान्वयन गर्न सबै एकतावद्ध भएर योजना बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो । गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता कृष्ण प्रसाद अधिकारीले मौलिक हकमा भएका व्यवस्था कार्यान्वयन गर्ने काम राज्यको भएको भन्दै प्रभावकारी कार्यान्वयन गर्न नयाँ ढंगले सोच्नुपर्ने बताउनुभयो ।

गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदीले मानवअधिकार आयोगले गरेको फैसला १७ प्रतिशत मात्र कार्यान्वयन हुनु दुःखद भएको बताउनुभयो । शान्तिका लागि नागरिक समाजको सञ्जाल पोखराकासंयोजकविनासिलवालले छोराछोरीलाई अंशमा समान हक प्रदान गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेश पोखराको कार्यालय प्रमुख मायादेवी शर्माले हालसम्म आयोगमा १ हजार १ सय ९ वटा मानवअधिकार उल्लङ्घनका घटनामा अनुसन्धान भएकोमा ९ सय ७२ वटा निर्णयको लागि केन्द्रमा पठाइएको र १ सय ३७ वटा कार्यान्वयनमा रहेको खुलाउनुभयो । चालु आर्थिक वर्षमा मात्र २४ वटा उजुरीमा अनुसन्धान भएकोमा १३ वटा निर्णयको लागि केन्द्रमा पठाइएको उहाँको भनाई छ । २०५७ साल जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएकोमा पोखरामा २०६२ बैशाख २१ गतेबाट क्षेत्रीय कार्यालय सञ्चालनमा आएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्वतन्त्र प्रेस जगतमा हस्तक्षेपको काम भइरहेको छ : विष्णुप्रसाद लामिछाने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

नेपाली कांग्रेस गण्डकी प्रदेशका महामन्त्री विष्णुप्रसाद लामिछानेले स्वतन्त्र प्रेस जगतमा हस्तक्षेपको काम भइरहेको बताएका छन् ।

नेपाल प्रेस युनियनको ३३ औं स्थापनाको सन्दर्भमा नेपाल प्रेस युनियन कास्की शाखाले आईतबार आयोजना गरेको 'प्रेस माथिका चुनौती' विषयक परिसंवाद कार्यक्रममा महामन्त्री लामिछानेले प्रेस कसरी गलत सावित गर्न सकिन्छ भनेर केही पक्ष लागिरहेको बताएका हुन् । 'कहीँ न कहीँबाट हस्तक्षेप भइरहेको छ। कुनै न कुनै माध्यमबाट कुनै न कुनै शक्तिले प्रेस जगतलाई कसरी गलत सावित गर्न सकिन्छ भनेर लागि रहेको छ,' उनले भने, 'प्रेस माथि अहिलेको परिस्थितीमा यहीँ नै सबैभन्दा ठूलो चुनौतिका रुपमा रहेको छ।

प्रेस स्वतन्त्र हुनुपर्नेमा उनको जोड थियो । 'प्रेस स्वतन्त्रता रहेन भने प्रजातन्त्र पनि रहदैन र प्रजातन्त्र रहेन भने हामीले स्वतन्त्र प्रेसको कुरा पनि गर्न सक्दैनौ,' उनले भने, 'त्यसैले हामी सजग हुनु जरुरी छ ।' अहिलेको अवस्थामा



भाषागत त्रुटी, पत्रकारितको मर्यादा विपरितको काम, समाजिक सञ्जाल, मिथ्या सूचना, पूर्वाग्राही भएर समाचार लेखिनु पछिल्ला समयको प्रेस माथिको चूनौती रहेको उनले सुनाए ।

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य सरस्वती गुरुङले पत्रकार र पत्रकारिता क्षेत्र धारासायी बन्दै गइरहेको बताइन् । यो अवस्थामा उनले पत्रकारलाई यो क्षेत्रमा टिकाइराख्ने खालका योजना तथा कार्यक्रम बनाएर प्रेस युनियन अघि बढ्नुपर्ने सुझाव दिइन् । नेपाली कांग्रेस पार्टी र शुभेक्छुक संस्था प्रेस युनियनबिच छलफल र सहमतिको आवश्यक रहेको उनले सुनाइन् । नेपाली कांग्रेस कास्कीका सहसचिव नविन सिग्देलले पत्रकारिता क्षेत्रमा पत्रकारलाई टिकाउनै समस्या रहेको बताइन् । सबै क्षेत्रबाट प्रेस जगत चपेटामा परिरहेको अवस्थामा सिर्जनात्मक काम गर्दै अघि बढ्न उनको सुझाव थियो । नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष ऋषिकान्त पौडेलले नेपाल पत्रकार महासंघको निर्वाचनाका लागि प्रेस युनियनका सदस्य एकजुट भएर तयारी लाग्नुपर्ने बताए । केन्द्रले शुद्धिकरणका विषयमा गरेका निर्णयमा चनाखो भएर निर्णय लिनुपर्नेमा उनको जोड थियो । पत्रकारिता क्षेत्रमा देखिएका चूनौति सामना गर्न प्रेस युनियन तयार रहेको र आफ्ना सदस्यको पेशागत सूरक्षाका विषयमा जानकार रहेको उनले बताए । कार्यक्रममा नेपाली कांग्रेस प्रचार प्रसार विभागका केन्द्रीय सदस्य गंगाधर पराजुली र राजबहादुर गुरुङ, नेपाली कांग्रेस गण्डकीका सदस्य तथा प्रचार प्रसार विभाग प्रमुख रमेश पौडेल, उपप्रमुख शिरोमणि बराल, नेपाल प्रेस युनियनका सल्लाहकार प्रेस स्वतन्त्रता सेनानी रविन्द्र बास्तोला, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, प्रेस युनियन गण्डकी अध्यक्ष टंक अधिकारी, उपाध्यक्ष माधव रेग्मी, महासचिव प्रकाश ढकाल, सदस्य सुभाष पौडेल, राष्ट्रिय समाचार समिति गण्डकी प्रमुख बासुदेव पौडेल, प्रेस युनियन कास्की अध्यक्ष बासुदेव मिश्र, उपाध्यक्ष ज्योती हमाललगायतले प्रेस माथिको चूनौति सामाना गर्न प्रेस युनियन तयार हुनुपर्नेमा जोड दिएका थिए ।

नेपाल प्रेस युनियनका देशभरका शाखाले आईतबार स्थापना दिवस मनाएका छन् । २०४८ साल जेठ १३ गते तत्कालिन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाको प्रेस सल्लाहकार जयप्रकाशप्रसाद गुप्ताको अध्यक्षतामा ९ सदस्यीय समिति गठन भएको दिनलाई नेपाल प्रेस युनियनले स्थापना दिवसका रुपमा मनाइरहेको छ ।

# पोखरामा गोकुल जोशीको ९५ औं जयन्ती मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

'गण्डकी साहित्य सङ्गम', पोखराले क्रान्तिद्रष्टा कवि गोकुल जोशीको ९५ औं जयन्ती विविध कार्यक्रमका साथ मनाएको छ ।

कार्यक्रममा गोकुल जोशीको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा साहित्यकार एवम् प्रगतिशील बुद्धिजीवीहरु प्राज्ञ डा. कृष्णराज अधिकारी, ईश्वरचन्द्र ज्ञवाली, प्रा.डा. भवानीप्रसाद पाण्डे 'भास्कर', रामराज रेग्मी, लोकबहादुर थापा, सुरज उपाध्याय, सम्झनादेवी अधिकारी लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा २०८० सालको ' गोकुल वाङ्मय पुरस्कार'द्वारा कवि तथा समालोचक ईश्वरचन्द्र ज्ञवालीलाई सम्मान गरिएको थियो भने डि.बि. वान्तवाको स्वर रहेको गीतकार विजया सुवेदीको म्युजिक भिडियो ' भरिया दाइ'को लोकार्पण गरिएको थियो । उक्त म्युजिक भिडियोका बारेमा निर्देशक भुपेन बानियाँले चर्चा गर्नुभएको थियो । कार्यक्रममा गण्डकी साहित्य सङ्गमको आवधिक प्रकाशन 'गण्डकी सङ्गम'को पूर्णाङ्क- २० (रविलाल अधिकारी विशेषाङ्क) माथि प्रा.डा. यदुनन्दन उपाध्यायले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा रघुनाथ अधिकारी, प्रा.डा. ज्ञानबहादुर कार्की, प्रा.डा. यमबहादुर पौडेल क्षेत्री, गण्डकी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. श्रीकान्त खतिवडा, नारायण परिश्रमी, कोमलनाथ बराल, विश्वप्रकाश लामिछाने, बलराम पोखरेल, प्रकाश ज्ञवाली, रुपीन्द्र प्रभावी, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कृष्णप्रसाद पौडेल, गुरुङ साहित्य मञ्चका अध्यक्ष तेजबहादुर गुरुङ, धनबहादुर नेपाली, महेश्वर दवाडी, विजय ढकाल सहिद स्मृति प्रतिष्ठानका अध्यक्ष माधवप्रसाद मिश्र,



राजेन्द्र पौडेल, शोभाकान्त गौडेल, विद्याविमल बराल, केशबहादुर परियार, लक्ष्मण गौतम, फडिन्द्र अकिञ्चन, रामजी थापा, साहित्य शृङ्खला पोखराकी अध्यक्ष लक्ष्मी थापा, ढाकाराम पौडेल, भगवती खत्री, समुन्द्र भण्डारी, मोहन भुजेल, अर्जुनकुमार थापा, दुर्गा नेपाल, रुपा नेपाल, महेश ज्ञवाली, डिल्लीप्रसाद ढुङ्गाना, राजु परियार, रामचन्द्र आचार्य, लक्ष्मी परियार, हिमलाल श्रेष्ठ, जगन्नाथ तिमिल्सिना, राजकृष्ण श्रेष्ठ, सन्तबहादुर घिसिङ, प्रमोद अधिकारी, पुष्पप्रसाद पराजुली, शेखर गौतम, रिक गुरुङ, अरविन्द ठाकुर, विगेन्द्र बानियाँ, भुपेन बानियाँ, कृष्णमणि भुर्तेल, शालिकराम देवकोटा, घनश्याम शर्मा रेग्मी, प्रेमबहादुर गुरुङ, चिन्तामणि शर्मा, लक्ष्मण गौतम ' हिमाली', चित्रबहादुर अधिकारी, रन्जना राई, कृष्णकुमारी दवाडी, लक्ष्मी सिंह, देउमाया तामाङ, खेम लामा, विष्णुप्रसाद पौडेल, इन्द्रराज दवाडी, बलराम पराजुली लगायतका साहित्यकार एवम् अक्षयकोषका संस्थापकहरुसमेत गरी ८१ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा 'सङ्गम सांस्कृतिक मञ्च'का कलाकारहरु काजी गाउँले, विकास लुङ्गेली, खेम लामा, डि.वि. वान्तवा लगायतले गीतहरु प्रस्तुत गर्नुभएको थियो भने कवि छवि सुवेदी र छविलाल आचार्यले कविता पाठ गर्नुभएको थियो ।

वि.स. २०४९ सालमा जनस्तरबाट रकम सङ्कलन गरी स्थापना भएको प्रगतिशील साहित्यिक संस्थाका उपाध्यक्ष तथा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालद्वारा स्वागत मन्तव्य व्यक्त गरिएको उक्त कार्यक्रमको अध्यक्षता भीम रानाभाटले र सञ्चालन संस्थाका सचिव प्राज्ञ नारायण मरासिनीले गर्नुभएको थियो ।

# आशिर्वाद क्लवको कविता वाचनमा अक्सफोर्डकी लीला प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ जेठ

आशिर्वाद क्लव अफ नेपालको आयोजनामा आशिर्वाद साहित्यिक साँझ दोस्रो संस्करणको पूर्व सन्ध्यामा महानगर स्तरीय कविता वाचन प्रतियोगिता हालै सम्पन्न भयो ।

प्रतियोगितामा अक्सफोर्ड सेकेन्डरी स्कुलकी छात्रा लीला गुरुङले प्रथम भएकी छन् । प्रतियोगितामा भास्कर मेमोरियलका अभियान बास्तोला द्धित्तिय र मदरल्यान्ड माविका अनुष्ठान रेग्मी तृत्तिय भए । प्रतियोगितामा प्रथम, द्धित्तिय र तृत्तिय हुनेलाई क्रमश नगद १०




हजार, पाँच हजार, तीन हजार र प्रमाणपत्र आशिर्वाद साहित्यिक साँझ दोस्रो संस्करणमा शनिवार वितरण गरियो । प्रतियोगितामा ३३ जना विद्यार्थी सहभागिता रहेका थियो । प्रतियोगिताको निणार्यक मण्डलको संयोजकमा संजिव पौडेल र सदस्यहरुमा क्रमश कुशल गौतम र सागर अधिकारी रहेका थिए । संयोजक पौडेल कविता वाचनमा आवश्यक नियम प्रस्तुत गरे । पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देलले प्रतियोगिताको उद्घाटन गर्दै विद्यार्थीहरुले समय सान्दर्भिक कविता वाचन गरेकोमा प्रशंसा गरे । आशिर्वाद क्लव अफ नेपालका संस्थापक इन्चार्ज ई. विक्रम बरालले साहित्यको एउटा प्रमुख विधा कविता भएको चर्चा गरे । आशिर्वाद क्लव अफ नेपालका अध्यक्ष मनिष बरालको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका इन्चार्ज रवि वरालले स्वागत गरेको कार्यक्रममा क्लवका सचिव अर्जुन वरालले संचालन गरेका थिए ।

# मुख्यमन्त्री...

आएको ह्रासले पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पर्ने सक्नेमा उहाँले चासो व्यक्त गर्नुभएको थियो । भेटका क्रममा राजदूत लोरेन्जोले गर्नुभएको प्रतिबद्धता र देखाउनुभएको चासोप्रति मुख्यमन्त्री अधिकारीले आभार व्यक्त गर्नुभएको थियो । युरोपियन युनियन र नेपालले राजनीतिक तथा आर्थिक सम्बन्ध सन् १९७४ मा स्थापित गरेका थिए भने सन् १९९६ को जुन १ मा साझेदारी सम्झौता सम्पन्न भएको थियो । युरोपियन युनियनको सहयोगमा नेपालमा विभिन्न परियोजना सञ्चालनमा छन् ।

# प्रतिनिधिसभामा ...

सुधार हुँदै गएको बताउँदै उहाँले बैंकिङ प्रणालीमा पर्याप्त तरलता रहेको र निक्षेप एवम् कर्जाको व्यापार दर घट्दै गएको उल्लेख गर्नुभयो । चालु आवको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.६ प्रतिशतले बढेको उहाँले जानकारी दिनुभयो । अर्थमन्त्री पुनले बैंक तथा वित्तीय संस्थाको सञ्जालमा विस्तार, विद्युतीय माध्यमबाट हुने कारोबार, वित्तीय साक्षरता प्रवर्द्धनसँगै प्रतिशाखा जनसङ्ख्या दुई हजार पाँच सय १५ पुगेको जानकारी दिनुभयो ।

यसैगरी -नेपालको संविधानअनुसार आर्थिक वर्ष २०८१/२०८२ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) यही जेठ १५ गते दिउँसो १ बजे प्रस्तुत गरिने भएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा सभामुख देवराज घिमिरेले आगामी आवको बजेट दुवै सदनको संयुक्त बैठकमा दिउँसो १ बजे अर्थमन्त्री वर्षमान पुनले प्रस्तुत गर्नुहुने जानकारी गराउनुभयो । उक्त बैठकका लागि दुवै सदनका सांसदलाई दिउँसो १२:४५ बजेअघि नै उपस्थित हुन सभामुख घिमिरेले आग्रह गर्नुभयो ।

## तातोहावा "लु" का असर तथा लक्षण

- ◆हृदयको गति तीव्र हुने,
- ◆श्वासप्रश्वास र रक्तचाप कम हुने,
- ◆शरीरबाट पसिना ननिस्कने,
- ◆टाउको अत्याधिक दुख्ने,
- ◆चक्कर लाग्ने, अचेत हुने,
- ◆१०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- ◆छाला सुख्खा, रातो र तातो हुने,


**यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- » शरिरको एक हर नचल्ने ।
- » मुख बाङ्गो भएको ।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- » हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# संसदलाई कमजोर बनाउने काम

प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधका बीच प्रतिनिधि सभाबाट सरकारको नीति तथा कार्यक्रम पारित भएको छ । आइतबार बसेको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नीति तथा कार्यक्रम माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए। त्यसपछि सभामुख देवराज घिमिरेले संशोधनकर्ता सांसदलाई बोल्न दिए। कांग्रेसको अवरोध रहेको संसद् बैठकमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले बसेकै स्थानबाट विरोध जनाए।

त्यसपछि नेमकिपाका प्रेम सुवालले नीति तथा कार्यक्रम माथि आफ्नो विरोधको सूचना राखे। त्यसपछि सभामुखले नीति तथा कार्यक्रममाथि छलफलका लागि १ घण्टाको समय छुट्याइएको जानकारी दिए। त्यसपछि सत्तापक्षको तर्फबाट नेकपा एमालेका उपाध्यक्ष विष्णु पौडेलले छलफलमा भाग लिँदै कांग्रेसले विरोध गर्न जरुरी नरहेको बताए। माओवादी केन्द्रका जनार्दन शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वर्णिम वाग्ले, जसपाका बीरेन्द्र महतोले छलफलमा भाग लिएका थिए । कांग्रेसको नारावाजी र विरोधका बाबजुद सरकारको नीति तथा कार्यक्रममाथि छलफल भएर पारित हुनु कर्मकाण्ड पूरा गरेजस्तै हो । सरकारको नीति तथा कार्यक्रम पेश गर्न दिएको कांग्रेसले रास्वपा सभापति रबी लामिछानेको विरोधमा नारावाजी गर्दै संसदमा जे गरेको छ त्यो उपयुक्त छैन।

संसद् अवरोध नरहेको समयमा यस्तो छलफल केही दिन चल्ने थियो । सांसदहरू कसरी प्रस्तुत हुने थिए जनताले जान्न पाउने अवसर गुमाउनु परेका छासंसदलाई कमजोर बनाउने र बहुमुल्य समय खेर फालेर नयाँ उदाएका पार्टीलाई कमजोर बनाउन खोज्दा आफैलाई कमजोर बनाएको छ। बजेट अगाडि सरकारको नीति तथा कार्यक्रम पारित गर्नुपर्ने बाध्यताका कारण जस्तो वातावरणमा सदन चल्यो। जेठ १५ गते बजेट ल्याउनुपर्ने संवैधानिक वाध्यताका कारण त्यही स्थिति आउन नदिन सरकार पक्ष र प्रतिपक्ष कांग्रेसले लचकता देखाउनु आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# देशभर बन्यो ३४ हजार दुई सय ६७ किलोमिटर सडक

रासस
काठमाडौं, १३ जेठ

सडक पूर्वाधार निर्माणलाई प्रमुख प्राथमिकताका राखेको सरकारले देशभर ३४ हजार २ सय ६७ किलोमिटर सडक निर्माण गरेको छ।

अर्थमन्त्री वर्षमान पुनले आज सङ्घीय संसदका दुवै सदनमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षणमा सडक पूर्वाधार निर्माणमा उल्लेख्य सफलता हासिल भएको उल्लेख छ।

गत फागुनसम्म देशभर १८ हजार दुई सय ४१ किलोमिटर सडक कालोपत्रे भएको छ। यस्तै, सात हजार छ सय ९७ किलोमिटर ग्राभेल र आठ हजार तीन सय २९ किलोमिटर सडक कच्ची रहेको तथ्याङ्क छ।

कूल सडकमध्ये ५३ दशमलव दुई प्रतिशत कालोपत्रे, २२ दशमलव दुई प्रतिशत ग्राभेल र २४ दशमलव तीन प्रतिशत कच्ची छ।

# दुर्गमका नागरिकाका लागि निःशुल्क मुटु परीक्षण शिविर

पोखरापत्र संवाददाता
बागलुङ, १३ जेठ

बागलुङको दुर्गम गाउँका बासिन्दालाई लक्ष्यित गरी सञ्चालन भएको निःशुल्क मुटु परीक्षण शिविरबाट सात सय जनाले सेवा लिएका छन्।

गण्डकी प्रदेशसभा सदस्य जीतबहादुर शेरचनको संयोजन तथा सहिद गङ्गालाल राष्ट्रिय हृदय रोग केन्द्रको प्राविधिक सहयोगमा सञ्चालित शिविरबाट पश्चिम बागलुङका ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका र तमानखोला गाउँपालिकाका नागरिकले सेवा लिएका हुन्।

शनिबार साँझ सम्पन्न भएको शिविरबाट सबैभन्दा बढी दुर्गम गाउँका नागरिक लाभान्वित भएका छन् । शिविरमा उपचार र अन्य सेवा लिने अधिकांश ज्येष्ठ नागरिक थिए । लामो समयदेखि मुटुको उपचार गराउँदै आएका बिरामीको विशेषज्ञ डाक्टरले परीक्षण गर्नुका साथै औषधि प्रदान गरेका थिए । शिविरमा परीक्षण गराएकामध्ये १० जना मुटुका नयाँ बिरामीलाई सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा निःशुल्क उपचारका लागि 'रेफर' गरिएको थियो। सातजना विशेषज्ञ डाक्टरसहित २८ स्वास्थ्यकर्मीको टोलीले शिविर सञ्चालन गरेको हो । सामान्य समस्या रहेका बिरामीलाई औषधि उपलब्ध गराइएको थियो भने जटिल समस्या भएकालाई उपचारका लागि सुविधासम्पन्न अस्पतालमा जान सुझाएको हृदय रोग केन्द्रका निर्देशक डा रवि मल्लले बताउनुभयो।

मुटुसम्बन्धी रोगका बिरामी बढ्न थालेपछि गाउँमा शिविर सञ्चालन गरेको शिविर संयोजक शेरचनले बताउनुभयो । भविष्यमा पनि यस्ता शिविर सञ्चालनका निम्ति आफू क्रियाशील रहने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

# मौरी मर्न थालेपछि रित्तिँदै घार

पोखरापत्र संवाददाता
बागलुङ, १३ जेठ

मौरीपालनबाट राम्रो आम्दानी गर्दै आउनुभएका जैमिनी नगरपालिका-१० व्याडथलाका किसान याम थापा अहिले चिन्तित हुनुहुन्छ । २०७४ सालदेखि मौरीपालन गर्दै आउनुभएका उहाँको मौरीका घार रित्तिन थालेपछि व्यवसाय सङ्कटमा परेको छ।

थापासँग ४२ घार मौरी थिए। राम्रो मह उत्पादन गरिरहेका मौरी अज्ञात रोगका कारण धमाधम मर्नथालेपछि अहिले घार नै रित्तिन लागेको हो । उहाँ केही वर्ष यता बङ्गुरपालन छोडेर मौरीपालनमा लाग्नुभएको थियो । केही महिनायता मात्र ४० घार मौरी मरेपछि व्यवसाय सङ्कटमा परेको उहाँले बताउनुभयो । छ वर्षदेखि मौरीपालन गर्दै आउनुभएका थापाले मौरीपालनबाट वार्षिक रु तीन लाखसम्म आम्दानी गर्नुभएको थियो।

सेरेना जातको मौरी पाल्दै आउनुभएका उहाँले एक किलो मह रु एक हजार पाँच सयमा घरबाटै बिक्री गर्दै आउनुभएको थियो । "किसानको मर्का राज्यले बुझ्दैन, पहिला बङ्गुरपालन गरेको खोर त्यसै छन्, बङ्गुरपालन व्यवसाय घाटामा गएपछि मौरीपालनमा लागेको थिएँ, मौरीपालनमा निकै राम्रो आम्दानी भएको थियो तर मौरी मर्नथालेपछि घार रित्तै भयो", उहाँले भन्नुभयो, "४२ घार मौरी मासिएर दुई घारमा सीमित छ, अहिले फेरि छ थान मौरीसहितको घार किनेको छु ।" थापाले मौरीपालनसँगै चार वटा मुर्रा जातको भैँसीसमेत पाल्दै आउनुभएको छ । मौरीको बीमा नगर्दा घाटा परेको उहाँले स्वीकार्नुभयो। उहाँले राज्यले दिने अनुदान र सहुलियत झन्झटिलो भएको गुनासो गर्नुभयो । मौरी मर्नुको कारण थाहा नभएको उहाँको भनाइ छ।

पछिल्लो समय बागलुङमा मौरीपालन व्यावसायिक बन्दै आएको कृषि ज्ञान केन्द्र बागलुङले जनाएको छ । कृषि ज्ञान केन्द्र बागलुङका कृषि अधिकृत जमुना भण्डारीले मौरीपालन बढेपछि मौरीको बीमा कार्यक्रम ल्याएको बताउनुभयो । उहाँले कतिपय किसानले बीमा नवीकरण नगर्दा समस्या भएको बताउनुभयो। वातावरणीय प्रभाव, उपयुक्तखानाको अभाव, समयमै वर्षा नहुँदा विषादी रस, कमजोर गोला र पक्षघातका कारण मौरी मर्ने गरेको उहाँले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ भुवानीथान जामुनावोट सडक तिलिपाध्या मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भुवानीथान जामुनावोट सडक तिलिपाध्या मार्ग
ठेगानाः पोखरा-३३, जामुनाबोट
योजना सम्झौता मितिः २०८०/१०/१२ गते
योजना शुरु मितिः २०८०/१०/२० गते
योजना सम्पन्न हुने मितिः २०८०/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/०५ गते
योजनाको कुल लागतः रु. १६,६७,६९३/३३
महानगरपालिकाबाटः रु. १५,००,०००/-
जनसहभागिताबाटः रु.१,६७,६९३/३३
अध्यक्षः रमेशराज आचार्य सम्पर्क नं.: ९८४६०४१००३
सचिवः मनोज राज आचार्य
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**भुवानी थान जामुनावोट सडक तिलि पाध्या मार्ग उपभोक्ता समिति पोखरा-३३, जामुनावोट**


# मन्त्रमुग्ध बनाए आशिर्वाद क्लबमा कवि र गजलकारले

पोखरापत्र संवाददाता
पोखरा १३ जेठ



मुटुको टुक्रा बन्छु। आँखाको नानी बन्छु। जोगाउ या खर्च गर तिम्रै आम्दानी बन्छु । बरफको जिन्दगी विताए बर्सौ सम्म, तिमीले नछोए सम्म म कहाँ पानी बन्छु। केही त हुन सक्छ टाढा नजिक जो हुन्छ । प्रिया अँगालोमा मर्ने पनि चिता भएको हुन्छ भन्दै शनिवार स्टेजवाट प्रदिप रोदनको भावना वाहिर आयो सवैको मुखारमा वा वा। फेरी गुञ्जीयो मेरो पिठिउँमा घाउ छ भन्ने थाहा पाएँ।

कहिले नआउने मान्छे धाप मार्न आएको छ । त्यसैले त मानिस खुशीमा भन्दा दुःखीमा रमाउँछ भन्दै वाणीहरु पस्के पछि उपस्थित सवलाई मन्त्रमुग्ध पारे रोदनले । समाजमा देखीएका विसंगतीलाई चिरा चिरा पारेर छर्लङ्ग पारिदिए। देशमा युवा देखी बृद्धा सम्म भोगेको पिडालाई गजल मार्फत बाँझापाटन तमु समाजमा गजलमय वातवरण वनाए । पोखरा-१३ आर्वा स्थित आर्शिवाद क्लब अफ नेपालको आयोजनामा आशिर्वाद साहित्यिक साँझ दोस्रो संस्करणमा रोदन शब्दै शब्दैले गुञ्जीएका हुन। उता कवि सुदेश सत्याल मानौ मञ्चहरु उचाली रहने, नाराहरु पोखिए, यी ताली जव उम्लिए भक भकी पोको कता पोखीए। बस्दैन किन मौन धारण गरी गोष्ठीहरु यी सँग। तिम्रा हात कहाँ कहाँ विकीसके ताली नमार्नु अव । पोखरेली कवि संजिव पौडेलले पनि आफ्नो स्वर्ण मुखारवाट सामाजिक मिडियाले समाज खेलेको भुमिका वारे छर्लङ्ग पारे। पोखरा वडा १३ मा रहेका सकारात्मक सोचका धनी युवाहरु मिलेर २०७९ सालमा स्थापन गरे आशिर्वाद क्लव।

स्थापनाको समय देखी नै क्लवले नेपाली भाषा, साहित्य, संस्कृति, संरक्षण जगेर्ना तथा प्रवर्द्धन गर्दै आएको छ। साथमा स्वास्थ्यको लागि खेलकुद भन्ने मुल नारामा चुर्लुम्म डुवेर खेलकुद कार्यक्रम पनि गर्दै आएको छ।

क्लवका अध्यक्ष मनिष वरालको अध्यक्षतमा भएको कार्यक्रममा सचिव अर्जुन वराल र स्वष्तिका क्षेत्रीले संचालन गरेका थिए । कार्यक्रममा १६ जना वाचक, दुई प्रमुख वाचक सत्याल र रोदन, उर्जा जलस्रोत तथा खानेपानी मन्त्री गण्डकी प्रदेश वेद बहादुर गुरुङ र वडा नं १३ का वडा सदस्य सुचिता तामाङले समेत आफ्ना भावनाहरु पस्केका थिए। बाक्लो उपस्थितिमा भएको कार्यक्रममा विभिन्न संघ सस्थाका प्रतिनिधि, सामाजिक व्यक्ति र कविता तथा गजलप्रेमीहरु अन्तिमसम्म आनन्दित भएका थिए।

# नेवार समुदायका युवायुवतीलाई वाद्यवादन तालिम

पोखरापत्र संवाददाता
तनहुँ, १३ जेठ

गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा शुक्लागण्डकी नगरपालिका-४ मा नेवार समुदायका युवायुवतीलाई धिमे बाजा बजाउन तालिमको व्यवस्था भएको छ।

धिमे बाजाबारे पछिल्लो पुस्ता अनभिज्ञ रहेकाले तालिमको व्यवस्था गरिएको अरिदेव नेवा पुचः कोषका अध्यक्ष ज्ञाननारायण श्रेष्ठले बताउनुभयो। कोषले नै ४० जना युवायुवती छनोट गरेर एकमहिने तालिम सुरु गरेको हो। तालिम शनिबारदेखि प्रारम्भ भएको हो । "संस्कृति संरक्षण गर्न प्रज्ञा प्रतिष्ठानको सहयोगमा तालिम सञ्चालन गरिएको हो । यसबाट वर्तमान पुस्तालाई संस्कृति संरक्षण गर्नुपर्छ भन्ने प्रेरणा मिल्ने विश्वास छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो । गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य-सचिव मनकुमार श्रेष्ठले सबै समुदायका भाषा संस्कृति, संस्कार संरक्षणका लागि प्रतिष्ठानले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो। आफ्नो भाषा, संस्कृति जोगाउन सम्बन्धित समुदाय नै क्रियाशील हुनुपर्नेमा उहाँले जोड दिनुभयो । गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले भाषा, संस्कृति र संस्कार हरेक समुदायको परिचय एवं गौरव भएकाले त्यसको संरक्षण आवश्यक छ भन्नुभयो।

# बन्दीपुरमा पर्यटकीय पूर्वाधार निर्माणमा तीव्रता

पोखरापत्र संवाददाता
तनहुँ, १३ जेठ

स्वदेशी एवं विदेशी पर्यटकहरुको आकर्षणको केन्द्रका रुपमा विकसित भइरहेको बन्दीपुरमा पर्यटकीय पूर्वाधार निर्माणमा निजी क्षेत्रले चासो दिँदै आएको छ।

कूल रु छ अर्ब २९ करोड लागतमध्ये विभिन्न संरचना निर्माणमा हालसम्म रु चार अर्ब ५५ करोड लगानी भइसकेको बन्दीपुर केबलकार एण्ड टुरिजम कम्पनीले जनाएको छ । बन्दीपुरलाई साहसिक खेल जीपलाइनको हब बनाउन पहल थालिएको भन्दै बन्दीपुर-४ बरालथोकबाट भानु-१ नयाँबस्तीसम्म दुई हजार आठ सय मिटर दूरीमा जीपलाइन निर्माण प्रक्रिया अघि बढाइएको कम्पनीका अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) कार्य सम्पन्न भइसकेको छ। शर्माले वातावरणीय प्रभाव मूल्याङ्कन (ईआइए) कार्य भइरहेको भन्दै उक्त जीपलाइन विश्वकै लामो निर्माण हुने दाबी गर्नुभयो। ईआइए कार्य पश्चात् निर्माणले गति लिने उहाँले बताउनुभयो। बन्दिपुर-४ को केबलकार चोक नजिक निर्माणधीन एक सय ४० मिटर छोटो दूरीको जीपलाइन निर्माण अन्तिम चरणमा पुगेको छ । करिब १५/२० दिनभित्रसो जीपलाइन सञ्चालनमा ल्याउने तयारी भइरहेको शर्माले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "बन्दीपुरलाई जीपलाइन र साइक्लिङ्गि क्षेत्रको हब बनाउने लक्ष्य राखिएको छ ।" अध्यक्ष शर्माका अनुसार सोही वडाको केबलकार प्राङ्गणमा ८५ मिटर दूरीको स्काइ साइक्लिङ्गि निर्माण सम्पन्न भइसकेको छ। निर्माणधीन जीपलाइन र साइक्लिङ्गि एकैसाथ सञ्चालनमा ल्याइने योजना रहेको उहाँले जानकारी दिनुभयो। टुरिजमले बन्दीपुर-४ केबलकार चोकस्थित तल्लो स्टेशनमा ५६ रोपनी क्षेत्रफलमा फैलिएको 'टुरिष्ट पार्क', अन्तर्राष्ट्रियस्तरको अत्यधुनिक रेष्टुराँ निर्माण गरी सञ्चालनमा ल्याइसकेको जनाएको छ । निर्माणाधीन १७ तलाको पाँचतारे होटल 'क्वीन टावर' को करिब ९० प्रतिशत भौतिक प्रगति भएको लिमिटेडका अध्यक्ष शर्माले जानकारी दिनुभयो । "टुरिजमले केबलकार संरचना निर्माण गरी आंशिक सञ्चालनमा ल्याइसकेको छ । उक्त केबलकारमा २१ वटा प्यासेन्जर क्याबिन रहेका छन्", उहाँले भननुभयो।

केबलकारको तल्लो स्टेशनबाट माथिल्लो स्टेशनसम्म एक हजार सात सय मिटर दूरीमा केबलकारका माध्यमबाट पाँचतारे होटलभित्र पुगेर टुङ्गिनेछ। समुद्री सतहदेखि करिब एक हजार एक सय मिटर उचाइमा उक्त होटल निर्माण गरिएको छ। टुरिजमले सबै संरचना निर्माण गरी सञ्चालनमा ल्याइएसँगै बन्दीपुरको पर्यटन क्षेत्रमा आमूलपरिवर्तन आउन सक्ने अपेक्षा गरिएको जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ मा नादा तमु समाज भवन निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः नादा तमु समाज भवन मर्मत
ठेगानाः सेतीनहर मार्ग, पोखरा-१२, कास्की
योजना शुरु हुने मितिः २०८१/०१/११ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/३१ गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/०३ गते
योजनाको कुल लागतः रु. ५,८८,३३९/६६
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु. ८८,३३९/६६
अध्यक्षः एएसपि नारायण प्रसाद गुरुङ
सम्पर्क नं.: ९८४१६९८३३६
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**नादा तमु समाज भवन मर्मत उपभोक्ता समिति**
**सेतीनहर मार्ग, पोखरा-१२, कास्की**

# पूर्वाधारको पर्खाइमा कोरला नाका

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ जेठ

उत्तरी छिमेकी देश चीनको सिमाना जोडिएको मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ स्थित कोरला नाकामा आवश्यक भौतिक पूर्वाधार निर्माण नहुँदा समस्या भएको छ।

गत कात्तिक अन्तिम सातादेखि लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दाका लागि खुलाइएको कोरला नाकाको नेपालतर्फ आवश्यक भौतिक संरचना नहुँदा व्यापारी, स्थानीयवासी र पर्यटक समस्यामा परेका हुन्।

चार वर्षपछि खुलेको कोरला नाकाको नेपालतर्फ आवश्यक पूर्वाधार नहुँदा व्यावसायिक लाभ लिन नपाएको लोमान्थाङ्का व्यवसायी टसी नर्बु गुरुङले बताउनुभयो । "चीनतर्फ सबै पूर्वाधार छन्", उहाँले भन्नुभयो, "नेपालतर्फको सिमानामा भन्सार, सामान भण्डारण, सुरक्षा निकायका लागि भवनलगायतका पूर्वाधार बनेको छैन, त्यसैले कोरला नाका व्यावसायिकरुपमा चल्न सकेको छैन ।" चीनले एक दिनमा एक जना मात्र जान पाउने र गाडी लैजान नदिने नियम बनाएको छ। झोला र बोरामा अटाउने सामान ल्याउने गरिएको व्यवसायी गुरुङले बताउनुभयो । चिनियाँ बजारबाट सामान किनेर नेपाली भूगोलमा गाडीमा ल्याउनुपर्दा झन्झट हुने व्यवसायी मिना गुरुङले बताउनुभयो। कोरलाबाट ल्याएको सामान जाँचपास गराउन १३ किमी तल नेचुङ भन्सार कार्यालय र प्रहरी चेकपोष्टमा ल्याउनुपर्दा झन्झट हुने उहाँको भनाइ छ। नाकामा भन्सार र सुरक्षा निकायको नियमित उपस्थितिका लागि भवन, खानेपानी, सञ्चार सुविधा र शौचालयको तत्कालै व्यवस्थापन गर्नुपर्ने लोमान्थाङ-१ छोसेरका छिरिङ ल्यामो गुरुङले बताउनुभयो। "नाकामा प्रहरीको उपस्थितिका साथै नेपाली गाडी चीनको बन्दरगाहसम्म पुग्न दिने र एक दिनमा एकपटक मात्र चीनतर्फ जान पाउने नियम हटाएमा सहज हुने थियो", उहाँले भन्नुभयो, "यहाँ १० किमी तलबाट पिउने पानी ओसार्नुपर्छ।" कोरला घुम्न आउने पर्यटक र व्यापारीका लागि छोसेरका व्यवसायीले त्रिपालको अस्थायी टहरा बनाएर चिया तथा खाजा पसल सञ्चालन गरेका छन् । चिनियाँ बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य, मदिरा, फर्निचर र कपडाजन्य सामान किनेर ल्याउने गरेका छन्। नेपालतर्फबाट चामल, फापरको पिठो, चिउरा, चाउचाउ, जडीबुटी, पश्मिनालगायत सामान निर्यात गर्न सकिने सम्भावना छ । हाल चीनबाट आयात मात्र भएको छ । नेपाली सामान निर्यात हुन सकेको छैन । चीनतर्फ निर्मित भवनभित्र पसलहरु छन् । चीनले कोरला सम्म कालोपत्र सडक निर्माण गरेको छ । जिल्ला प्रशासन कार्यालय मुस्ताङले जारी गरेको प्रस्थान प्रवेशपत्र भएका लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका बासिन्दा कोरलाको चिनियाँ बजार जान पाउँछन् । करिब एक हजार जनाले प्रस्थान प्रवेशपत्र लिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। कोरोना महामारी फैलिएपछि विसं २०७६ देखि कोरला नाका पूर्णरूपमा बन्द भएको थियो । त्यसअघि कोरलामा वर्षमा दुईपटक अन्तरदेशीय व्यापार मेला हुने गरेको थियो। विसं २०३२ देखि कोरला नाका आवतजावतमा कडाइ गरिएको थियो । विसं २०५८ सम्म रोकटोक नरहेको सीमा विसं २०५९ देखि चीनले तारबार गरेर मेलाबाहेकको अवधिमा बन्द गर्दै आएको थियो । कोरला नाका नियमित सञ्चालन र सबै मुस्ताङवासीलाई आवतजावतको व्यवस्था भएपछि स्थानीयलाई सहज भए पनि व्यावसायिकरुपमा सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधारको खाँचो रहेको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले बताउनुभयो । कोरला नाकामा नेपाली सुरक्षाकर्मी र भन्सारका कर्मचारीका लागि चीनले गत कात्तिकमा १० जना अटाउनसक्ने चार वटा कन्टेनर उपलब्ध गराएको थियो। मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले सुरक्षाकर्मी त्यहाँ गएको अवस्थामा कन्टेनरलाई प्रयोग गरिएको र प्रदेश सरकारको सहयोगमा 'प्रिफ्याब' भवन निर्माण प्रक्रिया अघि बढाएको बताउनुभयो।

पूर्वाधार विकास कार्यालय मुस्ताङमार्फत कार्यान्वयन गर्नेगरी प्रदेश सरकारले रु ५० लाख बजेट पठाएको छ । तीनकोठे ' प्रिफ्याब' भवन बनाउन ठेक्का आह्वान भइसकेको र चालु आर्थिक वर्षभित्र तयार हुने पूर्वाधार विकास कार्यालय मुस्ताङका प्रमुख अजय श्रेष्ठले जानकारी दिनुभयो।

# बाढीको पूर्वसूचना दिन साइरन जडान

**पोखरापत्र संवाददाता**
दमौली, १३ जेठ

जिल्लामा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडले बाढीको पूर्व सूचना दिन साइरन जडान गरेको छ।

ऋषिङ गाउँपालिका-१ मा निर्माण भइरहेको जलविद्युत् आयोजनाले बाढीका कारण नदीको बहावमा हुने वृद्धि र बाँधको गेट खोलेको पूर्वसूचना दिन १५ स्थानमा साइरन जडान गरेको हो । आयोजनाको नदी सुरक्षा व्यवस्थापन योजनाअन्तर्गत बाँध निर्माणस्थल भन्दा तल्लो तटीय क्षेत्रमा पर्ने होक्सेटारबाट घुमाउने क्षेत्रका समुदायलाई पूर्व सूचना दिन साइरन जडान गरिएको आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सेती नदीमा निर्माण हुने १४० मिटर अग्लो बाँध र सोबाट तल्लो तटीय क्षेत्रमा पानीको सतहमा आउन सक्ने उतारचढावका विषयमा अग्रिम सूचना दिन साइरन जडानका लागि ठाउँ छनोट गरिएको थियो ।" आयोजनाले केही दिनअघि मात्रै व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको छतमा साइरन जडान गरेको थियो । आयोजनाको विशेष अनुरोधमा क्याम्पसको छतमा साइरन जडान गर्न ठाउँ उपलब्ध गराइएको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो। साइरन जडान पश्चात् व्यास-१, ३ र १३ को सेती नदी वरपरका बासिन्दालाई साइरन बज्दाको समय नदीभित्र वा नदी किनारबाट टाढा बस्न र किनार नजिक नजानका सचेत बनाउने उहाँले बताउनुभयो । हड्खलेले भन्नुभयो, "समुदाय, आयोजना र क्याम्पसबीचको सहकार्यबाट साइरन जडान गरिएको हो। यो समुदायमा एउटा उदाहरणीय काम पनि हो।" बाँधमा जम्मा भएको पानीलाई प्राविधिक कारणले एकैचोटी छाड्नुपर्दा नदीमा अकस्मात आउन सक्ने बाढीबाट मानवीय क्षति नहोस् भन्नका साइरन जडान गरिएको आयोजना कार्यालयले जनाएको छ । नदीमा नुहाउने, लुगा धुने, माछा मार्ने र पौडी खेल्नेलगायत काम गरिरहेका सर्वसाधारणलाई साइरनले पूर्वसूचित गर्ने आयोजनाका प्रमुख भण्डारीले बताउनुभयो । तनहुँ जलविद्युत् आयोजनाको कामलाई तीन वटा ठेक्का लगाएर अगाडि बढाइएको छ । चरण-१ अन्तर्गतको बाँध निर्माण सोङ्दा कालिका जेभीले गरिरहेको छ। यसको ३२.५ प्रतिशत प्रगति भएको हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले रासससलाई जानकारी दिनुभयो। चरण-२ अन्तर्गतको विद्युत्गृह निर्माण सिनो हाइड्रोले गरिरहेको छ। यसको प्रगति ५५ प्रतिशत पुगेको छ। साथै चरण-३ अन्तरगतको प्रसारण लाइन निर्माण केइसी इन्टरनेशनल लिमिटेडले भारतले गरिरहेकामा यसको ७३.५ प्रतिशत प्रगति भएको जनाइएको छ। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर लाग्ने जनाइएको छ। यसका लागि एडिबिले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# तनहुँमा चार वर्षपछि सुरु भयो रचना वाचन शृङ्खला

**पोखरापत्र संवाददाता**
तनहुँ १३ जेठ

गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँमा आबद्ध साहित्यकार प्रत्येक महिनाको दोस्रो शनिबार एकठाउँमा भेला हुन्थे।

आफूले रचना गरेका साहित्य वाचन गर्थे । यो शृङ्खला चलेको ३७ महिना भइसकेको थियो तर त्यहीँबेला चार वर्षअघि कोरोना महामारी फैलिएपछि यो शृङ्खला रोकियो । प्रतिष्ठानले चार वर्षअघि रोकिएको अभियान शनिबारदेखि पुनः सुरू गरेको छ । विगतमा झै अब प्रत्येक महिनाको दोस्रो शनिबार यो शृङ्खला निरन्तर सञ्चालन हुने प्रतिष्ठानका उपाध्यक्ष सङ्गम सापकोटाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कोभिडपछि रोकिएको शृङ्खला विविध कारणले सञ्चालन हुन सकेको थिएन, शनिबारदेखि अभियान सञ्चालन गरिएको छ, अब निरन्तर सञ्चालन गरिनेछ।"

जिल्लाका फरक-फरक ठाउँमा पुगेर साहित्यकारले मुक्तक, कविता, गीत, हाइकु, गजललगायत रचना प्रस्तुत गर्ने गरेका छन् । सापकोटाले भन्नुभयो, "कार्यक्रम सधैँ एकैठाउँमा हुँदैन, फरक-फरक ठाउँ छनोट गरिन्छ। एकैठाउँमा भेला भएर साहित्यकारहरूले रचना वाचन गर्छन् ।" ३८ औँ शृङ्खलाअन्तर्गत शनिबार व्यास नगरपालिका-३ अनसनचौतारीमा भएको साहित्य वाचनमा डा लक्ष्मीकान्त चापागाईं, काशीनाथ न्यौपाने, शङ्करराज नहर्की, तेजप्रसाद लामिछाने, सङ्गम सापकोटा, सागर उदासलगायतले रचना वाचन गर्नुभएको थियो । आदिकवि भानुभक्त आचार्यको जन्मस्थान भएका कारण यहाँ साहित्यिक क्षेत्रमा सम्भावना भए पनि यसको संस्थागत विकास हुन नसकेको प्रतिष्ठानका अध्यक्ष गौकुमारी न्यौपानेले बताउनुभयो । तनहुँमा साहित्यको क्षेत्रमा प्रचुर सम्भावना भए पनि सोचेजति विकास हुन नसकेको गण्डकी वाङ्मय प्रतिष्ठानका पूर्वअध्यक्ष सागर उदासको भनाइ छ। उहाँले भन्नुभयो, "पर्यटन र साहित्य दुवैमा प्रचुर सम्भावना छ तर जति काम गर्नपर्थ्यो हुन सकिरहेको छैन, राज्यस्तरबाट यसमा पहलकदमी लिनुपर्ने आवश्यकता छ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ मोहरपानीदेखि परियार बस्ती सडक स्तरोन्नती निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मोहरपानीदेखि परियार बस्ती सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मितिः २०८१/०१/१४ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/११ गते
योजनाको कुल लागतः रु. ५,५५,५५५/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,५५५/-
अध्यक्षः श्रीराम सिग्देल सम्पर्क नं.: ९८५६०५३९०६
निर्माण समिति सदस्य संख्याः १५
महिलाः ४, पुरुषः ११

**मोहरपानी आदर्श टोल विकास संस्था**
**पोखरा-१३**



## विमालेख हरायो

साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स क. को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

विमितको नाम: सुविन क्षेत्री
विमालेख न: ४०१००००१४५९
प्रस्तावको नाम: सुनिल कार्की क्षेत्री
सम्पर्क न. ९८०६५०९९९३
०६१५५३६५२



## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/०२/१४**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवं हर्जना ब्याज र अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था सँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा मिति २०८०/१२/१३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिने पहिलो सार्बजनिक सूचना, दोस्रो पटक २०८१/०१/२८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने ऋण चुक्ता गर्न आउने सम्बन्धी सार्बजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत सस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः तेस्रो पटक ऋण चुक्ता गर्ने सम्बन्धी ७ (सात) दिने यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, ऋणको धितो सुरक्षण लेखाइदिनु हुने धनी जमानी कर्ताहरुलाई जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । अन्यथा तपाइले ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलामबिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्न ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई ऋण असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न आवश्यक कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले पनि नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता नं. : १६९९<br>**नाम : सुनिता आचार्य**<br>जन्म मितिः : २०४१/०३/२३<br>ना.प्र.नं : ४६३०१४/४५<br>जारी मिति : २०६३/११/२३ कास्की<br>बाबु : बलराम गौतम<br>पति : बासुदेब आचार्य<br>बाजे/ससुरा : मोतिलाल आचार्य<br>ठेगाना साविक : अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं. : ९८२५१८६९०४<br>**धितो विवरणः** सुनिता आचार्यको नाममा रहेको कास्की जिल्ला साबिक गर्लाङ्ग छहरेपानी गा.बि.स. वडा नं.०५ स्थित कित्ता न. १०७६ क्षेत्रफल १-०-१-२ |  | १. **नामः : बासुदेब आचार्य**<br>ना.प्र.नं. : ८१५१४<br>जन्म मिति : २०३९/०९/२६<br>जारी मिति : २०५६/२/५ कास्की<br>बाबु : मोतिलाल आचार्य<br>बाजे : बिष्णु प्रसाद आचार्य<br>ठेगाना : साविक अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं : ९८१९१७२१४१ |  |
| २. | सदस्यता न : १५५३<br>**नाम : लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२/०१/१५<br>ना.प्र.नं. : १४२०<br>जारी मितिः : २०४९/०७/३० कास्की<br>बाबु /पत्नी : पदम बहादुर गुरुङ दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५<br>**धितो विवरणः** लाल काजी गुरुङको नाममा रहेको कास्की जिल्ला साबिक रुपाकोट वडा न. ०३ स्थित कित्ता न. ७१०८, ७१०६, ७१०४ क्षेत्रफल ०-०-१-१, ४-६-१-०, २-१-२-१ |  | १. **नाम : दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७/०२/०२ कास्की<br>बाबु /पति : ओम बहादुर गुरुङ /लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८ |  |
| | | | २. **नाम : सिता गुरुङ**<br>जन्म मिति : २०२२/०७/०२<br>नागरिकता न. : ४६०१७३००६३४<br>जारी मिति : २०७३/०१/२१ कास्की<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>ठेगाना : साबिक पोखरा १८, कास्की<br>हालको ठेगाना : पोखरा १४, कास्की |  |
| | | | ३. **नाम : सुनिल मगर**<br>ना.प्र.न : ४६१००२/१२४१<br>जन्म मिति : २०४८/१२/१५<br>जारी मिति : २०६५/०३/३० कास्की<br>बाबु : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगाना : साविक लेखनाथ १, कास्की<br>हाल : पोखरा २९, कास्की<br>सम्पर्क नं. : ९८५६०६६१०७ |  |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**